# सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धी

## तनहुँ जिल्लाको गजरकोट गा. वि. स. को अध्ययन

त्रिभुवन विश्व विद्यालय, पृथ्वी नारायण क्याम्पस मानविकी तथा सामाजिक शास्त्र सङ्काय

अन्तर्गत समाज शास्त्र/मानव शास्त्र विषयको स्नातकोत्तर तह

दोस्रो वर्षको आठौं पत्रको प्रयोजनका लागि

प्रस्तुत

**शोधपत्र**


प्रस्तुतकर्ता

शिवभक्त सिग्देल

रोल नं. : १२९/०६२

रजिष्ट्रेशन नं. : १७२४०-८९


२०६८

# सिफारिस पत्र

**सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धी तनहुँ जिल्ला गजरकोट गा. वि. स. को अध्ययन** सम्बन्धमा प्रस्तुत शोधपत्र स्नातकोत्तर तह समाज शास्त्र/मानव शास्त्रका छात्र शिवभक्त सिग्देलले मेरो सुझाव, सल्लाह, र निर्देशनमा रही मेहनत तथा लगनशीलताका साथ तयार पार्नु भएको छ । म उहाँको कार्य प्रति सन्तुष्ट छु र प्रस्तुत शोधपत्र आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

.........................................

शोध निर्देशक : सूर्यभक्त सिग्देल

समाज शास्त्र/मानव शास्त्र

पृथ्वी नारायण क्याम्पस, पोखरा

मितिः- २०६८/१२/२६ गते ।

Date: 8 April 2012

# भाषा सम्पादकको सिफारिस पत्र

त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय समाज शास्त्र/मानव शास्त्र विषयको स्नातकोत्तर तहको पाठ्यक्रम अनुरूप शिवभक्त सिग्देलद्वारा **सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धी तनहुँ जिल्ला गजरकोट गा. वि. स. को अध्ययन** शीर्षकको शोधपत्रको भाषा सम्पादन मैले गरेको हुँ । यस शोधपत्रको भाषा सन्तोषजनक रहेको व्यहोरा सम्बद्ध निकायमा सिफारिस साथ अनुरोध गर्दछु ।

मिति : २०६८ चैत्र

................................
डा. विष्णु प्रसाद पौडेल
सह-प्राध्यापक
पृथ्वी नारायण क्याम्पस
नेपाली विभाग
पोखरा

त्रिभुवन विश्व विद्यालय

# पृथ्वी नारायण क्याम्पस

## समाज शास्त्र/मानव शास्त्र विभाग

### भिमकालीपाटन पोखरा, नेपाल

### स्वीकृति पत्र

त्रिभुवन विश्व विद्यालय मानविकी संकाय समाज शास्त्र/मानव शास्त्र विभाग अन्तर्गत स्नातकोत्तर तहको आठौं पत्रको प्रयोजनको लागि शिवभक्त सिग्देलद्वारा तयार **सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धी तनहुँ जिल्ला गजरकोट गा. वि. स. को अध्ययन** सम्बन्धमा गरिएको एक विश्लेषणात्मक अध्ययन नामक शोधपत्र मूल्याङ्कन समितिको निर्णयद्वारा स्वीकृत गरिएको छ ।

**मूल्याङ्कन समिति**

| क.सं. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १. | विभागीय प्रमुख | शान्ति भुसाल | ...................... |
| २. | बाह्य परीक्षक | उमानाथ बराल (पि.एच.डी.) | ...................... |
| ३. | शोध निर्देशक | सूर्यभक्त सिग्देल | ...................... |

मिति : २०६८/१२/२९ गते ।

Date: 11 April 2012

# कृतज्ञता ज्ञापन

नेपाल एक बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक राष्ट्र हो । यहाँका सबै महिलाले राष्ट्रिय सेवा, सुविधा र सम्पत्तिमा समान पहुँच प्राप्त गर्न सकिरहेका छैनन् । अन्तरिम संविधान २०६३ पछि मात्र नेपाली महिलाहरूले केही हदसम्म सबै खालका विषयका अवसरहरूमा पहुँच प्राप्त गर्न ऐन, कानुन र संविधानहरूमा व्यवस्था गरिए तापनि सबै महिलाहरू सचेत नहुँदा प्राप्त पहुँचलाई व्यवहारिक पक्षमा कार्यान्वयन हुन सकिरहेको छैन । त्यसैले म स्वयं शोधकर्ता तनहुँ जिल्ला गजरकोट गा. वि. स. सदरमुकाम दमौली देखि दक्षिण पश्चिम भेगमा रहेर पनि त्यस ठाउँका विभिन्न पक्षहरूसँग सम्पत्ति माथि महिलाको पहुँच राज्यले व्यवस्था गरे अनुसारको मापदण्डमा पुग्न नसक्नुमा शैक्षिक, आर्थिक र चेतनको अभावलाई प्रमुख पक्ष ठानी शोध शीर्षक छनोट गरी अध्ययन गर्ने मेरो प्रयासलाई मेरा सबै शुभचिन्तकहरूप्रति म आभार व्यक्त गर्न चाहन्छु । किनभने, उहाँहरूकै सहयोगले नै यस शोधपत्रले यो स्वरुप प्राप्त गर्न सकेको छ ।

यस शोध कार्यलाई सु-व्यवस्थित गरी लक्ष्य प्राप्तितर्फ लैजान आवश्यक अनुसन्धानका सामग्री, विधि, प्रक्रिया एवं न्यूनतम मूल्य मान्यताबाट निर्देशित रहेर कार्य क्षेत्रमा लागी पर्न र शोधपत्रलाई मूर्त रुप दिनका साथै विलम्ब हुनबाट सँधै सचेत बनाउने हौसला र प्रेरणाका अनन्त उर्जाका स्रोत श्रद्धेय गुरू सूर्यभक्त सिग्देलकै उत्प्रेरणाको प्रतिबिम्ब यस शोधपत्रमा निहित रहेको छ । यसका निम्ति म उहाँलाई प्रशंसा गर्दै हृदयदेखि नै कृतज्ञता ज्ञापन गर्दछु । साथै यस शोधकार्यको सुरूदेखि अन्त्यसम्ममा विभिन्न पक्षबाट सहयोग गर्नुहुने विभागीय प्रमुख आदरणीय गुरु शान्ति भुसालज्यू र सिङ्गो समाजशास्त्र तथा मानवशास्त्र विभागप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

मूल्याङ्कन समितिको मूल्याङ्कन कार्यक्रममा जानकारीमा आउनुभएका वाह्य परीक्षक श्रद्धेय गुरू उमानाथ बराल (पि.एच.डी.) को सल्लाह सुझाव अनुरूप परिमार्जन गर्न विशिष्ट सहयोग पुऱ्याउनुभएकोमा हृदयदेखि नै हार्दिक कृतज्ञता ज्ञापन गर्दै यस शोधकार्य सम्पन्न गरेको छु ।

अनुसन्धानका क्रममा आवश्यक तथ्याङ्क संकलनका लागि घरदैलो भेटघाटका माध्यमबाट उल्लेख्य सहयोग पुऱ्याउने मेरा आदरणीय दाजु एवं श्री कृष्ण उच्च मा. वि.,

गजरकोट-५ का प्राचार्य ध्रुवराज सिग्देल, शिक्षक स्टाफ साथीहरूको अनन्त सहयोगका लागि धन्यवाद नदिइरहन सक्दिनँ ।

अनुसन्धानको क्रममा तथ्याङ्क संकलनमा मेरा जिज्ञासा, प्रश्नावलीमा बिना कुनै झन्झट, बिना कुनै सङ्कोच, कुशलतापूर्वक प्रतिक्रिया दिई शोधकार्यलाई सफल बनाउन आफ्नो अमूल्य समय दिनुहुने सम्पूर्ण उत्तर दाता, सूचना दाता, समूह छलफलमा प्रतिनिधि भई सहभागी हुने सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

मेरो जीवनको थालनीसँगै अध्ययन कार्यमा सदैव उत्प्रेराणा दिई यहाँसम्म ल्याइ पुऱ्याउन सहयोग गर्नुहुने पूज्यनीय पिता श्री मित्रलाल सिग्देल, पूज्यनीय माता श्री खिम कुमारी सिग्देल र दाजुहरू सूर्य, सुरेन्द्र, ध्रुव र भाइ विष्णुभक्त सिग्देललाई हार्दिक धन्यवाद दिन चाहन्छु । शोधकार्यका लागि उपयुक्त समयको चाँजोपाँजो मिलाएर अनुकूल वातावरण प्रदान गरी आवश्यक सहयोग गर्ने जीवन सँगिनी विष्णु सिग्देल, छोरा शरद सिग्देल, सफल सिग्देल र भाइ बुहारी दुर्गादेवी सिग्देल धन्यवादका पात्र हुन् ।

यस शोध कार्यलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा विभिन्न क्षेत्रबाट सहयोग पुऱ्याउनुहुने सम्पूर्ण शुभचिन्तकहरूमा हार्दिक धन्यवाद व्यक्त गर्दछु र अन्त्यमा यस शोधकार्यलाई कम्प्युटर टाइप, प्रिन्ट तथा बाइन्डिङ् गरी सहयोग पुऱ्याउने सिटी फोटो एण्ड कम्प्युटर सर्भिस, पोखरा-१, बगरप्रति हार्दिक आभार प्रकट गर्दछु ।

मिति : २०६८/१२/३० गते

शिवभक्त सिग्देल

Date: 12 April 2012

# शोधसार

यो शोधपत्र त्रिभुवन विश्व विद्यालय मानविकी तथा सामाजिक शास्त्र संकाय अन्तर्गत समाज शास्त्र/मानव शास्त्र विभागमा समाज शास्त्र विषयको स्नातकोत्तर तह द्वितीय वर्षको आठौं पत्रको प्रयोजनका लागि तयार गरिएको हो । मानव विकासको दृष्टिले प्रारम्भमा महिलाहरूको भूमिका सबल र सक्षम रहेको थियो । समयको विकासक्रम सँगसँगै सामाजिक गतिविधिहरू सञ्चालित हुँदै जाँदा समाज पुरुष प्रधानमा रूपान्तरण हुन पुग्यो र महिलामाथि दोस्रो दर्जाको नागरिकका रूपमा व्यवहारहरू हुँदै आयो र वर्तमान समयसम्म आइपुग्दा महिला र पुरुषबिच लैंगिक विभेद गर्न हुँदैन भन्ने चेतनाको विकास सँगसँगै महिलाहरूको आन्दोलनको परिणाम स्वरूप विकासमा महिला सहभागिता अनिवार्य ठानियो । विगतदेखि पैतृक सम्पत्तिमा पुरुषहरूलाई मात्र पहुँचमा पुर्‍याई महिलाहरूलाई उपेक्षा गरेकाले सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धमा (दिँदा) सामाजिक प्रभाव कस्तो छ भन्ने बारेमा हेर्न खोजिएको छ ।

यस अध्ययनले सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धमा समाजको धारणा कस्तो छ ? समान पहुँचले महिलामा कस्तो प्रभाव पार्दछ ? जस्ता अनुसन्धानको उत्तर खोज्ने प्रयास गरेको छ । यो अध्ययनमा वर्णनात्मक र विश्लेषणात्मक पद्धतिको प्रयोग गरिएको छ । अध्ययन क्षेत्रका ५८ जनालाई नमूनाका रुपमा नमूना छनोट विधिबाट छनोट गरिएको थियो । यस अन्तर्गत श्री कृष्ण उच्च मा. वि. का विद्यार्थीहरू, शिक्षकहरू, कर्मचारीहरूलाई अध्ययनको समग्रतामा राखिएको छ । यसका लागि आवश्यक प्राथमिक तथ्याङ्क विषयसँग सम्बन्धित प्रकाशित, अप्रकाशित लेख, पत्रपत्रिका, पुस्तकहरूबाट लिइएको छ । अध्ययनका क्रममा प्राप्त भएका तथ्याङ्कहरू सामान्य तथ्याङ्कहरू शास्त्रीय विधि र सामग्रीहरूको प्रयोगद्वारा विश्लेषण गरिएको छ ।

यस शोधपत्रको अनुसन्धानकर्ता/शोधकर्ताले समाजमा पिछडिएका महिलाहरूको सम्पत्ति माथि महिलाको पहुँच सम्बन्धी पक्षमा पछाडी परेका महिला र तिनीहरूको वास्तविकता पत्ता लगाउन निम्न अध्यायहरूमा यो शोधकार्य सम्पन्न गरेको छु ।

**अध्याय एक :** यस अध्यायमा अध्ययनको पृष्ठभूमी, समस्याको कथन, अध्ययनको उद्देश्य, अध्ययनको औचित्य, अध्ययनको क्षेत्र र सीमाका खाकामा रहेका छन् । जसमा सम्पत्तिमाथि

महिलाको पहुँचमा थप योगदान पुऱ्याउन सक्ने निष्कर्ष निकाल्नु नै यसको महत्त्व रहेको छ । साथै तनहुँ जिल्ला गजरकोट गा. वि. स. वडा नं. ५ र ६ का ५८ घरधुरीको अध्ययन अनुसन्धान गरिएको छ ।

**अध्याय दुई :** यस अध्यायमा पूर्व साहित्यको पुनरावलोकन अन्तर्गत ऐतिहासिक पृष्ठभूमी, विश्व परिवेशमा महिलाका हक अधिकार र पहुँचका विषयवस्तुमा छिमेकी राष्ट्र भारतमा महिलाको सम्पत्ति सम्बन्धी व्यवस्थाका सम्बन्धमा ल्याएका संशोधन, परिवर्तन, महत्त्व, प्रमुख राजनीतिक पार्टीहरूको घोषणापत्र, नेपालमा विगतमा भएका सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धमा कानूनी व्यवस्था, नेपाली महिलाहरूको सामाजिक, आर्थिक स्थिति लगायत शिक्षामा राजनीतिमा घरेलु हिंसा जस्ता विषयवस्तुहरू गहन अध्ययन यस अध्यायमा गरिएको छ ।

**अध्याय तीन :** यस अध्यायमा अनुसन्धान पद्धति अन्तर्गत अध्ययनक्षेत्रको छनोट, अनुसन्धानात्मक ढाँचा जस्तै वर्णनात्मक र विश्लेषणात्मक ढाँचाको प्रयोग समग्रता र नमूना छनोटमा ५८ घर परिवारकै घरधुरी सर्वेक्षण गरी तथ्याङ्क संकलन भएपनि प्राथमिक र द्वितीय दुबै प्रकारका स्रोतको प्रयोग गरिएको छ । तथ्याङ्क संकलन विधिमा प्रश्नावली सूची लिई अनुसन्धानकर्ता स्वयं घर घरमा पुगी घरधुरी सर्वेक्षण गरी यर्थाथताको खोजी गर्ने प्रयत्न गरिएको छ ।

**अध्याय चार :** यस अध्यायमा अध्ययनक्षेत्रको परिचय, भौगोलिक अवस्था, वडागत जनसंख्या विवरण, अध्ययन क्षेत्रको नक्सा, वडास्तरीय महिला पुरुषको स्तम्भचित्र, सामाजिक तथा सांस्कृतिक अवस्था लिङ्ग, जातजाति, धर्म, उत्तरदाताको पेशा, उमेर समूह र आर्थिक अवस्थाको आदिको विवरण अध्ययनमा संलग्न निर्धारित घर परिवारको सम्पत्तिमाथि महिलाको पहुँचको स्थितिलाई समेट्न खोजिएको छ ।

**अध्याय पाँच :** यस अध्यायमा सम्पत्तिमाथि महिलाको पहुँच र निर्णय निर्माणमा उनीहरूको भूमिका बारे अभिमत अन्तर्गत सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धमा ज्ञान, कानुन, पेशा व्यवसायीहरूको दृष्टिकोण, महिलालाई सम्पत्तिमाथि पहुँच दिन हुने नहुने सम्बन्धी महिलाका महत्वपूर्ण कुरा, घरजग्गा सम्बन्धी कानुनी स्वामित्व, सम्पत्ति किबेच गर्ने बारेको निर्णयकर्ता, परिवारका सदस्यहरूको वैवाहिक कार्यको निर्णयकर्ता, बजारबाट सामान खरिद गर्ने, खाना

पकाउने र भाँडा माझ्ने आदि अध्ययनमा संलग्न घरपरिवारको स्वामित्व कसमा रहने भन्ने कुरा समेटिएको छ ।

**अध्याय छ** : यस अध्यायमा सम्पत्तिमाथि पहुँचले महिलाहरूमा पार्ने सामाजिक प्रभाव अन्तर्गत समाजमा महिलाहरूको उत्थानका विषयमा परम्परादेखि समाजमा हुँदै गर्दै आइरहेको अन्याय, अत्याचार, शोषण, दमन, विभेद आदि जस्ता विषयवस्तुहरूको अध्ययन गरिएको छ ।

**अध्याय सात** : अध्याय सातमा महिलाहरूलाई पुरुष सरह सम्पत्तिमा पहुँच दिँदा समाजमा सामाजिक प्रभाव, परिवारमा, नातेदारीमा, सामाजिक संरचनामा, संस्कृति साथै पहुँच कायाएन्वयन पक्षमा पर्न सक्ने प्रभावको सम्बन्धमा विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्ययनबाट प्राप्त भएका तथ्याङ्कका आधारमा सम्पत्तिमाथि महिलाको पहुँच दिइनु राम्रो हुनुपर्ने र सम्पत्तिमा पहुँच भएपछि महिलाहरूमा केही गर्ने हौसला वृद्धि हुने, स्वावलम्बी र आत्मनिर्भर हुने र व्यक्तित्वको भरपुर विकास गर्ने अवसर प्राप्त भई राजनैतिक, सामाजिक, उत्पादनशील क्षेत्रमा सकारात्मक सहभागिता हुने देखिन्छ । तर कार्यान्वयनतर्फ पनि सजग भने हुनुपर्ने देखिन्छ । पुरुषप्रधान मानसिकताको प्रभाव रहेको समाजमा पक्ष विपक्ष भई द्वन्द्व हुने हुँदा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरी सफलता हात पार्न सकिन्छ भन्ने तथ्यलाई निष्कर्षका रूपमा लिन सकिन्छ ।

# विषयसूची

पृष्ठ संख्या


**अध्याय एक : परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्या कथन २

१.३ शोधपत्रको उद्देश्य ३

१.४ शोधपत्रको औचित्य ३

१.५ अध्ययनको क्षेत्र र सीमा ४

**अध्याय दुई : पूर्व साहित्यको अध्ययन**

२.१ विश्व परिवेशमा महिला ५

२.२ छिमेकी राष्ट्र भारतमा भएको महिलाको सम्पत्ति सम्बन्धी अधिकारको व्यवस्था ६

२.३ नेपालमा सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धी कानुनको पृष्ठभूमि १०

२.४ सम्पत्तिमा महिलाको पुहँच १३

२.५ नेपालको सन्दर्भमा बिगतमा भएका सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धमा कानुनी व्यवस्था २१

२.६ नेपालमा महिलाहरूको सामाजिक आर्थिक स्थिति २५

**अध्याय तीन : अनुसन्धान पद्धति**

३.१ अध्ययनक्षेत्र छनोट ३०

३.२ अनुसन्धानको ढाँचा ३०

३.३ नमूना छनोट प्रक्रिया र आकार ३०

३.४ तथ्याङ्क संकलन विधि ३१

३.५ तथ्याङ्कको व्याख्या र विश्लेषण विधि ३३

३.६ अध्ययनको सीमा ३३

**अध्याय चार : उत्तरदाताको सामाजिक आर्थिक र जनसांख्यिक विशेषताहरू**

| | | |
|---|---|---|
| ४.१ | अध्ययनक्षेत्रको भौगोलिक पृष्ठभूमि | ३४ |
| ४.२ | जनसंख्या विवरण (वडागत) | ३५ |
| ४.३ | सामाजिक तथा सांस्कृतिक अवस्था | ३७ |
| ४.४ | लिङ्ग अनुसारको विवरण | ३७ |
| ४.५ | जातजाति अनुसार विवरण | ३८ |
| ४.६ | धर्म अनुसारको विवरण | ३९ |
| ४.७ | उत्तरदाताको पेसा अनुसारको विवरण | ४० |
| ४.८ | उमेर समूह अनुसार विवरण | ४१ |
| ४.९ | आर्थिक अवस्थाको विवरण | ४२ |

**अध्याय पाँच : सम्पत्तिमा महिलाको पहुँच र निर्णय निर्माणमा उनीहरूको भूमिकाबारे अभिमत**

| | | |
|---|---|---|
| ५.१ | सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धमा ज्ञानको जानकारी | ४४ |
| ५.२ | नेपालमा सम्पत्ति कानुनका बारेमा महिला उत्तरदाताको ज्ञानको अवस्था | ४४ |
| ५.३ | सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धमा व्यवसायीहरूको दृष्टिकोण | ४५ |
| ५.४ | सम्पत्तिमाथि महिलाको पहुँच दिन हुने नहुने | ४६ |
| ५.५ | महिलाका लागि सबैभन्दा महत्त्वपूर्ण कुरा | ४७ |
| ५.६ | घरजग्गा सम्पत्तिमाथि कानुनी स्वामित्ववाला | ४८ |
| ५.७ | घरमा सम्पत्ति किन्ने बारेको निर्णय कर्ता | ४९ |
| ५.८ | वैवाहिक कार्यको निर्णय कर्ता | ५० |
| ५.९ | बजारबाट सामान खरिद गर्ने | ५१ |
| ५.१० | खाना पकाउने र भाँडा माझ्ने | ५१ |
| ५.११ | सम्पत्ति हस्तान्तरण गर्दा इच्छापत्रप्रतिको धारणा | ५२ |

**अध्याय छ : सम्पत्तिमाथि पहुँचले महिलाहरूमा पार्ने सामाजिक प्रभाव**

| | | |
|---|---|---|
| ६.१ | सम्पत्तिमाथि महिलाको पहुँचले समाजमा महिला उत्थान हुन्छ | ५५ |

६.२ सम्पत्तिमाथि महिलाको पहुँचले उनीहरूमा भेदभाव घट्छ/घट्दैन ५६
६.३ सम्पत्तिमाथि महिलाको पहुँचले शोषणको अन्त्य हुन्छ वा हुँदैन ? ५७
६.४ आफूले आफ्नो सम्पत्ति कसलाई हस्तान्तरण गर्ने सम्बन्धमा ५८

**अध्याय सात : समान पहुँचले पार्ने सामाजिक प्रभाव**

७.१ सम्पत्तिमाथि समान पहुँचले परिवारमा पनि प्रभाव ६०
७.२ सम्पत्तिमाथि महिलाको पहुँचले नातेदारीमा पार्ने प्रभाव ६१
७.३ सम्पत्तिमा महिलाको समान पहुँचले सामाजिक संरचनामा पार्ने प्रभाव ६२
७.४ सम्पत्तिमाथि महिलाको पहुँचले संस्कृतिमाथि पार्ने प्रभाव ६२
७.५ सम्पत्तिमाथि महिलाको समान पहुँचलाई कार्यान्वयन ६४

**अध्याय आठ : सारांश, निष्कर्ष/सुझावहरू**

८.१ सारांश ६६
८.२ निष्कर्ष ६७
८.३ सुझावहरू ६८

**सन्दर्भग्रन्थ सूची** **६९**

**अनुसूची** **७२**

# तालिका सूची


| तालिका नं. | शीर्षक | पृष्ठ संख्या |
|---|---|---|
| ४.१ | जनसांख्यिक विवरण | ३५ |
| ४.२ | उत्तरदाताको लिङ्ग अनुसारको विवरण | ३८ |
| ४.३ | उत्तरदाताहरूको जातजातिगत विवरण | ३९ |
| ४.४ | उत्तरदाताको पेशागत विवरण | ४१ |
| ४.५ | उत्तरदाताहरूको उमेर समूह | ४२ |
| ४.६ | नगद आम्दानीको अवस्था | ४३ |
| ५.१ | सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धी ज्ञानको अवस्था | ४४ |
| ५.२ | नेपालको सम्पत्ति कानुन सम्बन्धी जानकारी | ४५ |
| ५.३ | सम्पत्तिमाथि महिलाको पहुँच सम्बन्धी व्यवसायीहरूको धारणा | ४६ |
| ५.४ | सम्पत्तिमाथि महिलाको पहुँच दिने नदिने | ४७ |
| ५.५ | महिलाका लागि सबैभन्दा महत्त्वपूर्ण के हुन सक्छ | ४८ |
| ५.६ | सम्पत्ति खरिद विक्रीमा निर्णय कर्ता | ५० |
| ५.७ | वैवाहिक कार्यको निर्णय कर्ता | ५० |
| ५.८ | बजारबाट सामान खरिद गर्ने कार्यमा सहभागिता | ५१ |
| ५.९ | घरायसी काममा सहभागिता | ५२ |
| ५.१० | इच्छापत्रप्रतिको धारणा | ५३ |
| ६.१ | महिलाको पहुँचले प्रतिष्ठामा प्रभाव | ५५ |
| ६.२ | महिलामाथि हुने भेदभावको अवस्था | ५६ |
| ६.३ | आफ्नो पहुँचको सम्पत्ति छोरा/छोरीलाई प्राथमिकता | ५८ |
| ७.१ | समान पहुँचले पारिवारिक प्रभाव | ६० |
| ७.२ | सम्पत्तिमा समान पहुँचले सामाजिक संरचनामा प्रभाव | ६२ |
| ७.३ | पहुँच कार्यान्वयन पक्ष | ६४ |

# चित्र सूची


| चित्र नं. | शीर्षक | पृष्ठ संख्या |
|---|---|---|
| ४.१ | वडास्तरीय जनसंख्या विवरण (स्तम्भचित्र) | ३६ |
| ४.२ | उत्तरदाताको धर्म अनुसारको विवरण | ४० |
| ५.१ | घरजग्गा सम्पत्तिमाथि कानुनी स्वामित्ववाला | ४९ |
| ६.१ | महिलामाथिको शोषणको अवस्था | ५७ |
| ७.१ | समान पहुँचले नातेदारीको प्रभाव | ६१ |
| ७.२ | सम्पत्तिमाथि महिलाको पहुँचले सांस्कृतिक प्रभाव | ६२ |